# गण्डकी बोर्डिङ स्कुल

(क्षेत्रीय विद्यालय)

लामाचौर, पोखरा

फोन नं. ०६१-४४०३९८, ४४०४१४ फ्याक्स ०६१-४४०९५८

## २०७६ (२०१९/२०) को छात्रवृत्ति कार्यक्रमअन्तर्गत प्रवेश परीक्षा सम्बन्धी सूचना !

गण्डकी बोर्डिङ स्कुलमा शैक्षिक सत्र २०७६ को लागि कक्षा ४ मा छात्रवृत्तिको प्रवेश परीक्षा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
कक्षा ४ मा छात्रवृत्तिका लागि यस विद्यालयका पूर्व विद्यार्थीहरूको सङ्गठन एगबोसा काठमाडौंबाट प्राप्त हुने २ सिट सहित २२ देखि २४ सिट हुनेछ । आंशिक शुल्क तिर्ने सिट पनि छात्रवृत्ति सिटमा नै गणना गरिन्छ । प्रवेश परीक्षाका लागि निम्नलिखित शर्तहरू निर्धारण गरिएका छन् ।

१. विद्यार्थी कक्षा ३ मा पढिराखेको र २०७५ चैत्र मसान्तमा १० वर्ष ननाघेको (२०६६/०६७ मा जन्म भएको) हुनुपर्नेछ ।
२. प्रवेश परीक्षाको दरखास्त फाराम परीक्षा हुने दिनमा नै बिहान ८:०० बजेदेखि सम्बन्धित परीक्षा केन्द्रबाटै उपलब्ध गराइनेछ । दरखास्त फाराम www.gbs.edu.np बाट डाउनलोड गरी भर्न पनि सकिनेछ । उक्त फाराममा पारिवारिक र आर्थिक विवरण प्रष्टसँग भर्नुपर्नेछ ।
३. दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरू :
   क. हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,
   ख. हाल अध्ययनरत कक्षाको मार्कसिटको फोटोकपी,
   ग. सम्बन्धित विद्यालयले जन्ममिति खुलाई आफ्नो विद्यालयको कक्षा ३ मा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विद्यार्थी हो भनी प्रमाणित गरेको सिफारिस पत्र,
   घ. आम्दानी विवरण खुल्ने कागजात, (नोकरी, व्यापार व्यवसाय, खेतीपाती आदि)
   ङ. जन्मदर्ता प्रमाणपत्रको फोटोकपी । नाम, थर र जन्ममिति पछि सच्याउन पाइने छैन ।
४. प्रवेश परीक्षा नेपाली र गणित विषयमा नेपाली माध्यममा हुनेछ ।
५. छात्रवृत्ति परीक्षा निम्नानुसारको परीक्षा केन्द्रबाट दिलाउन सकिनेछ । सबै परीक्षा केन्द्रहरूमा छात्रवृत्ति परीक्षा **२०७५ माघ ५ गते (१९ जनवरी २०१९) शनिबार** हुनेछ ।

**परीक्षा केन्द्रहरूः**

| क्र.स. | केन्द्र | सम्पर्क फोन |
|---|---|---|
| १. | जनज्योति मा.वि. चपुर, रौतहट | ९८४५१६२८८८ |
| २. | जनविकास मा.वि. वेशीशहर, लम्जुङ | ०६६-५२००२०, ९८५६०४५०५४ |
| ३. | रामतुलसी मा.वि. रामपुर, पाल्पा | ०७५-४००२१७, ९८४७२२०६६१ |
| ४. | गौतम बुद्ध मा.वि., गोरुसिङ्गे, कपिलवस्तु | ०७६-५४५०३३, ९८५७०५०७४६ |
| ५. | सिद्धबाबा मा.वि. तम्घास, गुल्मी | ०७९-५२०२२१, ९८५७०६१६२२ |
| ६. | श्रीकृष्ण संस्कृत तथा साधारण मा.वि. वीरेन्द्रनगर, सुर्खेत | ०८३-५२०४१८, ९८४८१९५६१५ |
| ७. | दुर्गा लक्ष्मी मा.वि. अत्तरीया, कैलाली | ०९१-५५००४०, ९८४८४२६५२८ |
| ८. | शिवालय मा.वि. कुश्मा, पर्वत | ९८५७६६३९०८ |
| ९. | गण्डकी बोर्डिङ स्कुल लामाचौर, पोखरा | ०६१-४४०३९८, ४४१७१९ |

६. पोखरा महानगरपालिका वडा नं. १६ र १९ क्षेत्रमा स्थायी बसोबास गरेका स्थानिय छात्रवृत्तिमा प्रवेश परीक्षा दिन इच्छुक विद्यार्थीले स्थानीय छात्रवृत्ति महलमा चिन्ह लगाउनु पर्ने छ । स्थानिय छात्रवृत्तिका लागि सम्बन्धित वडा कार्यालयबाट सो क्षेत्रको स्थायी बासिन्दा हुन् भनी खुलाएको कागजात आवेदन फारामसाथ पेश गर्नुपर्नेछ ।

माथि उल्लेखित परीक्षा केन्द्रहरूमा सञ्चालन गरिने प्रवेश परीक्षा मध्ये आफूलाई पायक पर्ने कुनै पनि परीक्षा केन्द्रबाट परीक्षा दिलाउन सकिनेछ ।

**अन्य जानकारीहरूः**

१. आवेदन फाराममा दिइएका जानकारीहरू पुनरावलोकन गर्दा झूटो ठहरिएमा सो उमेद्‌वार अनुपयुक्त मानिनेछ ।
२. प्रवेश परीक्षा करिब १ घण्टा ३० मिनेटको हुनेछ र लिखित परीक्षा सुरु हुनुभन्दा अगाडि हरेक विद्यार्थीको अन्तर्वार्ता लिइनेछ । छात्रवृत्तिमा परीक्षा दिने विद्यार्थीका अभिभावकलाई आवश्यक परेमा सोधपुछ गरिनेछ ।
३. शैक्षिक सत्र २०७५ मा कक्षा ४ को मासिक शिक्षण शुल्क रू. २,५१५/- र आवासीय शुल्क रू. ९,८००/- कायम छ । आगामी वर्षहरूमा यी शुल्कहरू आवश्यकता अनुसार पूनरावलोकन हुने छन् ।
४. छनौट भएका छात्रवृत्ति विद्यार्थीहरूको अभिभावकहरुलाई टेलिफोन सम्पर्कको साथै हुलाकबाट पत्र पठाइनेछ । साथै नतिजा पोखराको स्थानीय पत्रिकामा चैत्रको पहिलो/दोस्रो हप्तामा प्रकाशित गरिनेछ ।
५. छात्रवृत्ति कार्यक्रम विशेष गरी गरीब तथा जेहेन्दार विद्यार्थीका लागि हो । छात्रवृत्ति पाई अध्ययन पूरा गरी आफूले आम्दानी गर्न शुरु गरेपछि छात्रवृत्तिमा अध्ययन गर्दा लागेको खर्च क्रमशः विद्यालयलाई फिर्ता गरी भविष्यमा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिन सहयोग गर्नुपर्नेछ ।
६. कक्षा ४ को पूरा शुल्क तिरेर पढ्ने विद्यार्थीको प्रवेश परीक्षा २०७५ चैत्र २ गते शनिवार गण्डकी बोर्डिङ स्कुलमा हुनेछ । त्यसको लागि माघ १४ गतेदेखि आवेदन फाराम वितरण गरिनेछ ।
७. एउटै वर्षको प्रवेश परीक्षामा शुल्क तिर्ने र छात्रवृत्ति मध्ये कुनै एक परीक्षामा मात्र परीक्षार्थी सहभागी हुन सक्नेछन्, अन्यथा नतिजा रद्द हुनेछ ।
८. विद्यालयको छात्रवृत्ति र प्रवेश परीक्षाको नीति अनुरुप विद्यार्थी भर्ना गरिनेछ र सो सम्बन्धी सम्पूर्ण अधिकार विद्यालयमा सुरक्षित रहनेछ ।
९. थप जानकारी आवश्यक भएमा विद्यालयमा सम्पर्क गर्नुहोला ।

प्राचार्य
गण्डकी बोर्डिङ स्कुल
लामाचौर, पोखरा ।